## सूचना ३

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ईश्वरबहादुर श्रेष्ठ क्यूबाको हवानामा हुने अपराध नियन्त्रण तथा कसूरदारप्रति गरिने व्यवहारसम्बन्धी संयुक्त राष्ट्र संघीय आठौं महाअधिवेशनमा भाग लिन जानुभएकोले उहाँको अनुपस्थितिमा सोही मन्त्रालयका सह-सचिव डा. गजेन्द्रमणि प्रधानलाई का.मु. मुकरर गरिएकोमा उहाँ पनि हिन्द महासागरीय सामुद्रिक कार्यसम्बन्धी सहयोगको दोस्रो बैठकमा भाग लिन तन्जानियाको आरूसातर्फ जानुभएकोले सचिव श्री ईश्वरबहादुर श्रेष्ठ वा का. मु. सचिव डा. गजेन्द्रमणि प्रधान फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री सुरेशमान श्रेष्ठलाई मिति २०४७।५।१५ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ४

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री सन्तबहादुर राई शहरी तथा अर्ध-शहरी क्षेत्रको खानेपानी योजनासम्बन्धी सम्झौताको लागि जापान जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गौरीनाथ रिमाललाई मिति २०४७।४।२८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय बर्दियाका प्र.जि.अ. श्री रामेश्वर देवकोटा घरबिदामा बस्नुभएकोले उहाँ बिदा बसेको मितिदेखि बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि नि.से.नि. २०२१ को नियम ८.२ को उप-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।